नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक

कार्तिक/मंसीर २०६८ (November 2011) वर्ष १५/अङ्क १७६

## ...र प्रचारक विना तिनीहरूले कसरी सुन्ने ?

– श्री लेख नाथ पौडेल

सुसमाचार प्रचार गर्नेहरूका पाउ डाँडाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्, जसले सियोनलाई भन्दछन्, "तेरा परमेश्वरले राज्य गर्नुहुन्छ ।" (यशैया ५२:७) सन् २०११ नेइमको निम्ति अति नै सुन्दर वर्ष हुन पुग्यो किनभने यो वर्षमा सुसमाचार प्रचारको काम निकै राम्रो प्रकारले भइरहयो । यो वर्षको शुरूमा नै बृहत शहरी अभियान मार्फत् रेडियो, टि.भी. र पत्र-पत्रिकाद्वारा लाखौं नेपालीहरूले येशू खीष्टको बारेमा सुने । त्यसपछिका महिनाहरूमा मण्डली पूरै नै सुसमाचार प्रचार र पर्चा वितरण कार्यमा लागिपऱ्यो । हरेक गल्ली र टोलहरूमा खीष्टको सन्देश बाँडियो । यसै क्रमको निरन्तरता स्वरूप नेइम मिशन विभाग र युवा विभागको संयुक्त पहलमा ४६ वटा मिशन टोलीहरू नेपालभित्र रहेका विभिन्न मण्डलीहरूमा खीष्टको वचन लिएर गयो । गत वर्ष झैं यसपाली पनि मिशन टोलीहरू पठाउने निर्णय भए बमोजिम नाउँहरू संकलन गर्ने कार्य गरियो । गत वर्ष २०० जनाभन्दा बढी व्यक्तिहरू यही समयमा मिशन ट्रिपका लागि विभिन्न शाखा/आबद्ध मण्डलीहरूमा जानुभएको थियो भने यस वर्ष गत वर्षभन्दा कम व्यक्तिहरूले नामावली दिनुभयो र करीब १३० जना जति यसपालिको मिशन ट्रिपमा जानुभयो ।

मिशन ट्रिपमा जानेहरूको निम्ति सहज भने पक्कै थिएन । कतिजनाले आ-आफ्नो कामहरूबाट विदा मिलाउनुपर्ने थियो भने यात्राको क्रममा हिँड्नुपर्ने विभिन्न मौसमहरूको सामना गर्नुपर्ने थियो । कतिपय समूहको निम्ति नयाँ ठाउँहरू कुनै परिचय विना नै जानुपर्ने थियो । तापनि प्रभुको आशिष अरूलाई बाँड्न र थप आशिषको अनुभव गर्न सबै जनामा एक प्रकारको उत्साह थियो । जानेहरू आ-आफ्नो गन्तव्यमा पुग्नुभयो र बसेर सेवकाई गर्नुभयो फर्कने बेलामा उहाँहरूसित थुप्रै आशिष र अनुभवहरू साथमा थियो । कतिपय मण्डलीहरूमा एकदमै ठूला-ठूला कामहरू पनि भए । यसरी यो वर्ष मण्डलीको निम्ति छर्ने वर्ष हुनपुग्यो ।

सुसमाचार प्रचार गर्नु भनेको परमेश्वरको हृदयको भाव मानिसहरूलाई व्यक्त गर्नु हो । परमेश्वरको हृदयमा संसारको निम्ति गहिरो प्रेम छ, यसैले त लेखिएको छ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्रलाई दिनुभयो...।" (यूहन्ना ३:१६) प्रभु येशू आफैले हामीले यो सन्देश लिएर सबै जाति, समुदाय र राष्ट्रका मानिसहरूकहाँ जानको निम्ति आज्ञा र अख्तियार दिनुभएको छ । परमेश्वरको इच्छा सबै मानिसहरूले सुसमाचार सुनून्, खीष्टलाई विश्वास गरून्, जीवन पाऊन् अनि उहाँलाई नै पुकारा गरून् भन्ने हो । यसको निम्ति कसैले गएर सुसमाचार सुनाउनै पर्छ, किनकि लेखिएको छ, "तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरूले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? र प्रचारक विना तिनीहरूले कसरी सुन्ने ? र नपठाइकन मानिसहरूले कसरी विश्वास गर्ने ? जस्तो लेखिएको छ, 'सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर !'" (रोमी १०:१४,१५) वास्तवमा मिशन यही नै हो कि मानिसहरू पठाइनुपर्छ, जानुपर्छ र खीष्टको सन्देश सुनाउनुपर्छ ।

हाल परमेश्वरले नेपाल र नेपाली जातिको हृदयको ढोका खीष्टको निम्ति खोलिदिनुभएको छ । यो समयमा हरेक नेपालबासी र नेपाली जातिकहाँ सुसमाचार पुऱ्याइनुपर्छ । परमेश्वरले खोलिदिनुभएको ढोका कहिले बन्द हुन्छ हामी जान्दैनौं तर समय छँदै हामीले हाम्रो जिम्मामा रहेको काम गर्नैपर्छ । जसरी लेखिएको छ, "परमेश्वरका सहकर्मी भएका हुनाले हामी तिमीहरूलाई बिन्ती गर्छौं, कि उहाँको अनुग्रह व्यर्थ हुन नदेओ, किनभने उहाँ भन्नुहुन्छ, 'ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनें र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरें ।' हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो ।" (२ कोरिन्थी ६:१,२)

परमेश्वरले तोकिदिनुभएको यो समयमा हामीले चारैतर्फ खीष्टको सन्देश लिएर जानैपर्छ । मण्डलीबाट एक/दुई जना मिशनेरीहरू पठाएर मात्र यो काम पूरा हुन सक्दैन । यसका निम्ति हजारौं मिशनेरीहरू (पठाइएकाहरू) तयार बनाउनुपर्छ र पठाइनुपर्छ । केन्द्रका मण्डलीहरूबाट मात्र नभई गाउँ-गाउँमा रहेका साधारण विश्वासीहरू मिशनेरीको रूपमा तयार हुनुपर्छ र पठाइनुपर्छ । मिशनेरीको अवधारणालाई हामीले विस्तृत दृष्टिकोणबाट हेर्नुपर्छ । केन्द्रबाट हामीले मिशनेरीहरू पठायौं भने त्यो अङ्कगणितिय हिसाबमा सिमित रहन्छ अर्थात एक वर्षमा कति जना हामी पठाउन सक्छौं ? वा जान सक्छौं ? तर स्थानीय मण्डलीहरूका हरेक विश्वासीहरूलाई मिशनको काम गर्ने जोश र अगुवाई हालिदिन सक्यौं भने एक वर्षमा हजारौं मिशनेरीहरू खडा हुन सक्छन् । यसर्थ काठमाडौंलाई जित्नको निम्ति काठमाडौंमा रहेका मण्डलीहरूका हरेक विश्वासीहरू मिशनेरी भएर काम गर्नुपर्छ । काठमाडौं भन्दा बाहिर रहेका हरेक मण्डलीका विश्वासीहरू त्यहाँको निम्ति मिशनेरी भएर काम गर्नुपर्छ ।

मिशनेरीहरू त्यत्तिकै जन्मदैनन् । मिशनेरी जन्माउनको निम्ति स्थानीय मण्डलीहरूले मेहनत गर्नुपर्छ । विश्वासीहरूलाई मिशन सम्बन्धी तालिम दिनुपर्छ । मिशनको निम्ति भोक हालिदिनुपर्छ । अनि हरेक विश्वासीहरू पनि परमेश्वरको हृदयको भावलाई बुझ्ने हुनुपर्छ । यसर्थ मिशनको कामको निम्ति हरेक विश्वासीहरू तालिम प्राप्त र खीष्टको वचनमा जरा गाडिएका हुनैपर्छ ।

हाल नेपालभित्र विभिन्न जिल्लाहरूमा नेइमको एक सयभन्दा बढी शाखा/आवद्ध मण्डलीहरू छन् । काठमाडौंमा रहेका मण्डलीका विश्वासीहरूले प्रशस्तै मात्रामा तालिम र शिक्षा पाइरहेका छन् तर कति यस्ता गाउँमा रहेका मण्डलीहरू छन् जहाँका अगुवाहरूले समेत राम्रो शिक्षा र तालिम पाएका छैनन् । हामीले नेपाललाई जित्नु हो भने गाउँ घरमा रहेका मण्डलीहरूलाई प्रयाप्त वास्ता पुऱ्याउनैपर्छ । हाम्रा शाखा-आवद्ध मण्डलीहरू बलियो भए र त्यहाँबाट

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
|---|---|---|---|---|---|---|
| कार्तिक २६ गते नोभेम्बर १२ ता. | पाष्टर रोबर्ट कार्थक पाष्टर अशोक मुखिया | डीकन मान बहादुर मगर | डीकन बाघ मान तामाङ्ग | एल्डर सीता गुरूङ्ग | पाष्टर दफ्तन सादा | डीकन बाबु राम के.सी. |
| मंसीर ३ गते नोभेम्बर १९ ता. | पाष्टर महेश थाँजु | एल्डर दिनेश न्यौपाने | पाष्टर अशोक मुखिया | डीकनेस् ग्रेस खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | श्रीमती सावित्री राई |
| मंसीर १० गते नोभेम्बर २६ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर अशोक मुखिया | एल्डर सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक श्री ध्रुब घिमिरे | एल्डर रूबेन श्रेष्ठ | डीकन जनक लाल श्रेष्ठ |
| मंसीर १७ गते डिसेमबर ३ ता. | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर रोल्याण्ड रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | **संयुक्त सेवा ललितपुर चर्च** |

मिशनेरीहरू जन्मन सके भने यो देशलाई उलटपुलट गर्न केही समय लाग्ने छैन । तर त्यसका लागि प्रयाप्त शिक्षा, तालिम, भेटघाट र अनुगमनको खाँचो पर्छ । त्यहाँ गएर सिकाउने मानिसहरू खडा हुनुपर्छ। प्रयाप्त तालिम र अनुगमन तथा भेटघाटका निम्ति आवश्यक पर्ने खर्च स्वेच्छाले दिन चाहनेहरू खडा हुनुपर्छ ।

मिशनको काममा मण्डली परिवार विभिन्न प्रकारले सहभागी हुनसक्छ। जान सक्नेहरू अब ख्रीष्टको निम्ति हिँड्नको लागि पाइला सार्नैपर्छ । जान नसक्नेहरूले प्रार्थना गरेर सहायता गर्न सक्नुहुन्छ साथै कतिपय दिन सक्नेहरूले परमेश्वरको राज्य विस्तारको काममा सहयोगी हातहरू फैलाउनैपर्छ । मिशनको काममा तीनवटै भूमिका उत्तिक्कै महत्त्वपूर्ण छन्: जानु, प्रार्थना गर्नु र सहयोग गर्नु । यसकारण निदाउने बेला बित्यो अब मण्डली जागौं । यस देशलाई र नेपाली जातिलाई ख्रीष्टमा ल्याउने महान अभियानमा हामी अझ जोडतोडका साथ लागिपरौं किनकि परमेश्वरले ख्रीष्टको निम्ति नेपाली जातिको हृदय खोलिदिनुभएको छ !

### प्रार्थनाको विषयहरू

१. शाखा-आवद्ध मण्डली तथा आउटरीच संगतिहरूमा अगुवाहरू तयार हुनको साथै नयाँ विश्वासीहरू प्रभुमा परिपक्व हुँदै जान सकून् ।

२. आफ्नै जग्गा र मण्डली भवन नभएका विभिन्न शाखा-आवद्ध मण्डलीहरू तथा आउटरीच संगतिहरूमा जग्गा सहित भवन निर्माण हुन सकोस् र त्यसका लागि आवश्यक रूपैयाँ पैसा जुट्न सकोस् ।

३. मण्डलीमा मिशनको निम्ति प्रार्थना गर्ने, आर्थिक भेटी दिने, सुसमाचार प्रचार गर्ने र मिशनेरी भएर जाने व्यक्तिहरू अझ बढेर जान सकेको होस् ।

४. साखा तथा आबद्ध मण्डलीहरूमा बाल संगतिका शिक्षक/शिक्षिकाको तालिम, आराधनाको तालिम, मण्डली व्यवस्थापन, अगुवा र अन्य तालिमहरू हुन सकेको होस् ।

५. शाखा-आवद्ध मण्डलीहरू तथा आउटरीच संगतिका अगुवाहरूको आय आर्जनमा वृद्धि हुन सकोस् त्यसका लागि आयमूलक तालिमहरू पनि हुन सकेको होस् ।

६. गाउँघरमा पढ्न लेख्न नजानेकाहरूका निम्ति साक्षरताको कार्यक्रमहरू हुन सकोस् र नेइमका सबै विश्वासीहरूले धर्मशास्त्र बाइबल पढ्न सक्ने हुन सकून् ।

७. नेइम मिशन विभाग र स्थानीय मिशन समितिमा रहनुभएका हरूलाई मिशनको काम संचालन गर्न ज्ञान बुद्धि मिलेको होस् ।

८. आउने दिनहरूमा नेपाल भरिनै नेइमका शाखा-आवद्ध मण्डलीहरू सुरू भएको होस् साथै नेइमबाट देश भित्र र देश बाहिर मिशनेरी भएर जान सकून् ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरु समयहरुमा विभिन्न ठाउँहरु | | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कमलाक्षी, कालीमाटी गाम्छा र सुन्दरीजल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **कार्तिक २६ गते नोभेम्बर १२ ता.** | पाष्टर राजेन्द्र रोंगोंग | एल्डर जमान तामाङ्ग | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | डीकनेस् अमृता कार्थक | श्री धन बहादुर तामाङ्ग |
| **मंसीर ३ गते नोभेम्बर १९ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर गोपी राई | **संयुक्त सेवा – जोरपाटी चर्च** | | डीकनेस् अमृता कार्थक | श्री जय सिंह | श्री दिलमान तामाङ्ग |
| **मंसीर १० गते नोभेम्बर २६ ता.** | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | श्री राज गुरूङ्ग | श्री अमृत लामा | श्री पिटर लिम्बु | श्री कुमार सेन्चुरी | एल्डर बी.एन. पण्डित |
| **मंसीर १७ गते डिसेमबर ३ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | श्री टुम्मल डोटेल | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | पाष्टर एल.पी.न्यौपाने | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

### जानकारी

१. असोज २० गते/अक्टोबर ७ ता. शुक्रबार नेइम ललितपुर मण्डलीमा ९ विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

२. कार्तिक १२ गते/अक्टोबर २९ ता. शनिबार नेइम ललितपुर मण्डलीको ८ औं वार्षिकोत्सव मनाइयो ।

३. कार्तिक १३ गते/अक्टोबर ३० ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा १ जनाले पानीको बप्तिस्मा लिनुभयो ।



ललितपुर मण्डलीको सदस्या **सुश्री मेहोलम मेकोना (डली) रोंगोंग** २५ वर्षको उमेरमा असोज ११ गते/सेप्टेम्बर २८ ता.बुधबार प्रभुमा सुत्नुभयो ।



नैकाप बस्नुहुने गुरुजुधारा मण्डलीको सदस्या **श्रीमती उमा थापा मगर** ७८ वर्षको उमेरमा असोज २६ गते/अक्टोबर १३ ता.बिहीबार प्रभुमा सुत्नुभयो ।

### नोभेम्बर महिनाको कार्यक्रम

१. मंसीर १ गते/नोभेम्बर १७ ता. बिहीबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा

२. मंसीर ४ गते/नोभेम्बर २० ता. आइतबार बिहान ९:००-३:०० बजेसम्म **नेइम कार्यकारिणीको बैठक** ललितपुर मण्डलीमा

३. मंसीर १८ गते/डिसेम्बर ४ ता. आइतबार बिहान १०:००-३:०० बजेसम्म **नेइम परिषदको बैठक** ज्ञानेश्वर मण्डलीमा

### नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



असोज २४ गते/अक्टोबर ११ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री जोग वीर (हारून) भण्डारी र सिन्धुपाल्चोक विजय ज्योति मण्डलीको सदस्या सुश्री राधा तिमिल्सिना धार्मिकता मण्डली सैंबु भैंसेपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती हारून/राधा भण्डारी लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २९ गते/अक्टोबर १६ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री तेजमान तामाङ्ग र बेथानी अनुग्रह मण्डली, सिन्धुपाल्चोकको सदस्या सुश्री सीता श्रेष्ठको अनुग्रह मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती तेजमान/सीता तामाङ्गलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २९ गते/अक्टोबर १६ ता. आइतबार नेइम ललितपुर मण्डलीको सदस्या सुश्री सुनैना कार्की र झापा टाउन चर्चको सदस्य श्री विपेन श्रेष्ठको ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती विपेन/सुनैना श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. देशको उच्च अहेोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको लागि ज्ञान बुद्धि, एकता, मेल मिलाप गागिदिऔं साथै अव तयार हुन लागेको संबिधान देशका सबै मानिसहरूको हित हुने ठीक संबिधान समयमा नै बन्न सकोस् ।

३. देशका मण्डलीहरुले आ-आफ्ना ठाउँहरुमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका मर्चाद्वारा धेरै मानिसहरुले खीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

४. नेपालका मडलीहरुको लागि मृत्युपश्चात् दफन (मृत्यु संस्कार) गनै नेपाल सरकारले आवश्यक जग्गा समयमा नै उपलब्ध गराईदिन सकेको होस् ।

५. आराधना सेवाहरु साथै अन्य सेवा संगतिहरुमा वचनको सेवकाई गर्नुहुने सेवक/सेविकाहरुको लागि प्रार्थना गरिदिऔं ।

६. एस.एल.सी परीक्षा दिन लागेका सबै विद्यार्थीहरुका लागि साथै स्कूल तथा उच्चशिक्षा अध्ययनरत सबै विद्यर्थीहको लगि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २० 6<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही बन्न पनि सकौं ।<br>**३ यूहन्ना ६** | २७ 13<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>**कलस्सी २:६-७** | ४ 20<br>आज हुने कार्यकारिणीको बैठकमा परमेश्वरको विशेष आशिष मागिदिऔं ।<br>**हितोपदेश १६:१-३** | ११ 27<br>नेइमअन्तर्गतका सबै शाखा/आवद्ध मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-१९** |
| **सोमबार**<br>**Monday** | २१ 7<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २८ 14<br>कुनै पनि परिवारमा परमेश्वरको आदर, प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**यहोशू २४:१४-१८** | ५ 21<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>**भजनसंग्रह २५:२१** | १२ 28<br>गरिबी, अभाव, बेरोजगारमा साथै अरू विभिन्न प्रकारको समस्यामा परेका सबैको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>**फिलिप्पी ४:४-७** |
| **मंगलबार**<br>**Tuesday** | २२ 8<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>**२ कोरिन्थी ६:३-१०** | २९ 16<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाकेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** | ६ 22<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ४६:१-११** | १३ 29<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**भजनसंग्रह २५:३-५** |
| **बुधबार**<br>**Wednesday** | २३ 9<br>टिनेजर्स् युवा क्याम्पमा सुनेको वचनमा सबै जवानहरू आज्ञाकारी हुन सकून् ।<br>**यूहन्ना १४:२१** | ३० 17<br>भोलिको उपवास प्रार्थना सभाहरूमा चढाइने प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>**मत्ती ७:७-११** | ७ 23<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य भाग लिन सकून् ।<br>**यशैया ४५:२-३** | १४ 30<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकून् ।<br>**हबकूक ३:१७-१९** |
| **बिहीबार**<br>**Thursday** | २४ 10<br>मण्डलीका सबै जवानहरूको आत्मिकी जीवनको साथै विवाह, शिक्षा, काम -व्यवसाय, पढाइ जस्ता सबै क्षेत्रमा आशिष मागिदिऔं ।<br>**हितोपदेश ३:१-६** | १ मंसीर 18<br>बाल संगतिका प्रत्येक बालबालिकाहरूले सानै उमेरमा प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गरी परमेश्वरको आशिषमा बढ्दै जान सकून् ।<br>**यशैया ६१:९** | ८ 24<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहन सकून् ।<br>**१ यूहन्ना २:१५-१७** | १५ December 1<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**हिब्रू १३:२१** |
| **शुक्रबार**<br>**Friday** | २५ 11<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | २ 19<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनमा आज्ञाकारी हुँदै जान सकौं ।<br>**२ तिमोथी ४:५** | ९ 25<br>भोलि नेपालभरि हुने आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा, उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुरा हटेर गएको होस् ।<br>**२ इतिहास २०:२१-३०** | १६ 2<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>**भजनसंग्रह १४७:१-२०** |
| **शनिबार**<br>**Saturday** | २६ 12<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**हिब्रू १०:२४-२५** | ३ 20<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूटा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>**२ यूहन्ना ७-१०** | १० 26<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १७ 3<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** |

**स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन् ।**

**मत्ती २४:३५**

**तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो ।**

**भजनसंग्रह ११९:१०५**

**तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, ...मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।"**

**मत्ती ४:४**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:nim@wlink.com.np, www.nim.org.np नेइम सूचनापत्र